# राष्ट्रिय प्रकृति संरक्षण कोष

केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर ।

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७४।०२।१८

यस कोषद्वारा आ.ब. २०७३।०७४ मा निम्न लिखित एम्बुलेन्स बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त तथा मूल्यअभिबृद्धि करमा दर्ता भएका ईच्छुक फर्म/कम्पनीहरुबाट रितपूर्वकको सिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।

**तपसिल**

| क्र. सं. | सवारी साधनको विवरण | परिमाण | बोलपत्र जमानत | खरिदको प्रकृया |
|---|---|---|---|---|
| ३ | 4WD Ambulance | २ वटा | ६५,०००।- | बोलपत्र |

१. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समय भित्र चालु आर्थिक बर्षको नविकरण गरेको फर्म ईजाजत पत्र, आयकर प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०७२।०७३ को आयकर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपिहरु निवेदनसाथ संलग्न राखी सम्बन्धित पदाधिकारीको दस्तखत र कोषको छाप लागेको सिलवन्दी बोलपत्र फारम रु. ३,०००।- (रु. तीन हजार) मात्र (फिर्ता नहुने गरी) तिरी यस कोषको केन्द्रीय कार्यालय, खुमलटार, ललितपुर र सदर चिडियाखाना, जावलाखेल, ललितपुरबाट खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले ३० औं दिन कार्यालय समय भित्र खरिद गरि ३१ औं दिनको १२ बजे भित्र सिलवन्दी गरी यस कोषको केन्द्रीय कार्यालयमा दाखिला गरि सक्नु पर्नेछ ।

४. पेश हुन आएका सिलवन्दी बोलपत्र दाखिला गर्ने अन्तिम दिनको १४:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

५. सवारी साधनको विवरण (Specification) बोलपत्र फारमसाथ उपलब्ध हुनेछ । यसमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कोषको प्रशासनमा वा टेलिफोन नम्बर ५५२६५७१, ५५२६५७३ मा सम्पर्क राख्न सकिने छ ।

६. सिलवन्दी बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा स्पष्टसंग लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. सिलवन्दी बोलपत्रको मान्य अवधि बोलपत्र दाखिला हुने अन्तिम मितिबाट ९० (नब्बे) दिनको हुनेछ । सिलवन्दी बोलपत्र पेश गर्ने फर्म वा सप्लायर्सले बोलपत्र माथि तपसिलमा उल्लेख भएको जमानत रकम बराबरको बाणिज्य बैंकबाट १२० (एकसय बीस) दिनको मान्य अवधि रहने गरी यस कोषको नाममा जारी गरेको बैंक जमानत (बैक ग्यारेण्टी) को सक्कल प्रति पेश गर्नु पर्नेछ वा यस कोषको स्टयाण्डर्ड चार्टर्ड बैक लिमिटेड, जावलाखेल, ललितपुरको चल्ती खाता नम्बर ०१-०००२७५५-०३ मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

८. बोलपत्र स्वीकृत भएको सूचना प्राप्त गर्ने बोलपत्रदाताले कबोल रकमको ५% (पाँच प्रतिशत) ले हुन आउने नगदै वा कुनै बणिज्य बैंकले कोषको नाममा जारी गरेको कार्य सम्पादन जमानत (परफमेन्स ग्यारेन्टी) निवेदन साथ पेश गरि खरिद सम्झौता गर्नु पर्नेछ । उक्त कार्य सम्पादन जमानत जारी भएको मिति बाट तेह महिना अबधिको लागि मान्य हुने गरी जारि भएको हुनु पर्ने छ । साथै खरिद ऐनको मिति २०७३।०३।३० मा भएको संशोधन अनुसार कबोल रकम लागत अनुमानको १५ प्रतिशन भन्दा कम भएमा थप कार्यसम्पादन जमानत लाग्ने छ ।

९. बोलपत्रदाताले सिलवन्दी बोलपत्रमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसुरमा कुनै पनि सजाय नभएको भनी लिखित घोषणा गरेको कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

१०. आवश्यक कागजातहरु नभएको, रित नपुगेको, म्याद नाघी आएको, कुनै शर्त राखेको, बोलपत्र सिलवन्दी लाहाछाप भई नआएको, निर्धारित ढाँचामा नभएको, बोलपत्रदाता वा नीजको प्रतिनिधिको सही तथा फर्मको छाप नभएको, अपुरो किसिमले भरिएको बोलपत्र उपर कुनै कारवाही हुने छैन । साथै सिलवन्दी बोलपत्रको खाम बाहिर फर्म वा सप्लायर्सको नाम, ठेगाना लेखी छाप समेत लगाउनु पर्नेछ र सिलबन्दी बोलपत्र भनी स्पष्ट सँग लेख्नु पर्ने छ ।

११. सिलबन्दी बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोहि समयमा हुनेछ ।

१२. सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषसंग सुरक्षित रहने छ ।

१३. यो सूचनामा उल्लेख हुन छुट भएका व्यहोराहरु प्रचलित कानून अनुसार हुनेछ ।

(मिति २०७४।०२।१८ को गोरखापत्रमा प्रकाशित सूचनासँग सम्बन्धित ।)